**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ ।**

१. **निकायको स्वरुप र प्रकृति:**
प्रचलित कम्पनी ऐन बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरि संचालित 'क' वर्गको वित्तीय संस्था ।

२. **निकायको काम कर्तव्य र अधिकार:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम, कर्तव्य र अधिकार रहने छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:**
हाल कार्यरत कर्मचारी संख्या १८६४ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेको छ । व्यवस्थापन समुहको नाम पद बैंकको वेबसाइट https://www.siddharthabank.com/Management-Team/10/ मा हेर्न सकिनेछ ।

४. **निकायबाट प्रदान गरिने सेवा:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'क' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस बैंकको वेबसाइट https://www.siddharthabank.com/Service-Networks/12/ मा उपलब्ध छ ।

६. **सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि:**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेबसाइट https://www.siddharthabank.com/uploads/upload-files/STCH5.pdf मा प्रकाशित गरिएको छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकार:**
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रक्रिया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंक संचालक समिति निर्णयकर्ताको रुपमा रहने छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रीय स्तरमा नायब प्रमुख कार्यकारी अधिकृत लाई गुनासो सुन्ने अधिकारीको रुपमा व्यवस्था गरिएको छ । निजको ठेगाना यसप्रकार रहेको छ :

**श्री सुन्दर प्रसाद कँडेल**
नायब प्रमुख कार्यकारी अधिकृत
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालय: हात्तीसार, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-४४४२९१९, ०१-४४४२९२०

९. **सम्पादन गरेको कामको विवरण:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'क' वर्गका इजाजत प्राप्त वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरु गर्दै आईरहेको छ ।

१०. **प्रमुख सूचना अधिकारीको नाम र पद:**
बैंकको प्रमुख सूचना अधिकारीको नाम र पद यसप्रकार रहेको छ :

**श्री रामेश्वर प्रसाद बस्याल**
सहायक प्रमुख कार्यकारी अधिकृत
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालय, हात्तीसार, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-४४४२९१९, ०१-४४४२९२०

साथै यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई शाखाको सम्बन्धित सूचना अधिकारीका रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

११. **ऐन नियम, विनियम वा निर्देशिकाको सूचि:**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनिमय वा निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमको ऐन, नियम विनियम वा निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।

- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३)
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- कम्पनी ऐन, २०६३
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- सम्पति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (दोस्रो संशोधन २०७०)
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- प्रचलित करार कानून
- विनिमय अधिकार पत्र ऐन, २०३४
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि ।
- उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
- नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु
- बैंकिङ्ग कारोबारका क्रममा पालना गर्नु पर्ने अन्य प्रचलित कानुन
- सूचनाको हक सम्बन्धी ऐन, २०६४

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरण:**
बैंकको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरण राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुदै आएको छ साथै बैंकको वेबसाइट https://www.siddharthabank.com/financial/ मा समेत त्यस्तो विवरण राखिएको छ ।

१३. **तोकिए बमोजिमको अन्य विवरण:**
नियमानुसार तोकिए बमोजिम अन्य विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेबसाइट https://www.siddharthabank.com मा समेत राख्ने गरिएको छ ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण:**
यस बैंकले प्रचलित नियम कानून बमोजिम विभिन्न प्रकारका बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ, यस बाहेक छुट्टै विशेष प्रकारको कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण https://www.siddharthabank.com:**

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

- डि.एफ.आइ.डि द्वारा संचालित Access to Finance for the Poor सम्बन्धी कार्यक्रम अन्तर्गत लघु तथा साना र मध्यम उद्यमहरु सँग सम्बन्धित बैंकिङ्ग परियोजना संचालनार्थ यस बैंकले अनुदान सहयोग प्राप्त गरेको ।
- नेपाल सरकार, अर्थ मन्त्रालय र जर्मन सरकारको समन्मय एवं जर्मन वित्तीय विकास निगमको सहयोगमा नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंक मार्फत सिद्धार्थ बैंक र जर्मन सरकारको तर्फबाट के. एफ. डब्लु डेभलपमेन्ट बैंकद्धारा कार्यान्वयन गर्ने गरी नेपालको ग्रामिण तथा अर्धशहरी क्षेत्रको दिगो आर्थिक विकासका लागि लघु तथा साना व्यवसायीहरुलाई प्रत्यक्ष कर्जा सुविधा र तालिम, परामर्श लगायत आवश्यक प्राविधिक सेवाहरु प्रदान गर्नको लागि SEDRA-II (Sustainable Economic Development in Rural and Semi-Urban Areas) नामक परियोजनामा हालै सम्झौता भई कार्यान्वयन भईरहेको छ ।

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:**
बैंकले प्रचलित कानून बमोजिम नियमित बैंकिङ्ग सेवा प्रदान गर्दै आएको र बैंकले गरेका कार्यहरु समावेश गरी हरेक वर्ष वार्षिक साधारण सभामा लेखापरीक्षण प्रतिवेदन सहित संचालक समितिको प्रतिवेदन पेश गर्ने गरिएको छ । यस्तै बैंकले हरेक तीन महिनामा अपरिष्कृत वित्तीय विवरण प्रकाशित गर्दै आईरहेको छ । उक्त प्रतिवेदनहरु बैंकको वेबसाइट https://www.siddharthabank.com मा अपलोड गरिएको छ ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयवधि:**
हाल त्यस प्रकारको वर्गिकरण गरिएको छैन ।

१९. **सार्वजनिक निकायमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

- श्री अंगराज भारती ज्यूबाट आर्थिक बर्ष २०७४/७५ र २०७५/७६ मा यस बैंकले उत्पादनशील क्षेत्रमा प्रवाहित कर्जा लगानीको मासिक Disbursement र Repayment को विवरण माग भई आएकोमा सोही अनुरुप आ.व. २०७४/७५ र २०७५/७६ मा यस बैंकले उत्पादनशील क्षेत्रमा गरेको लगानीको विवरण मिति २०७७/०४/३० मा उपलब्ध गराईएको ।
- श्री राजेन्द्र वराल ज्युबाट आर्थिक बर्ष २०७५/७६ देखि २०७७/७८ को असोज मसान्तसम्ममा यस बैंकले सहुलियत पुर्ण कर्जामा गरेको लगानी र आर्थिक बर्ष २०७५/७६ देखि २०७६/७७ मा यस बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत गरेको खर्च रकमको विवरण माग भई आएकोमा सो को विवरण मिति २०७७/०९/२४ मा उपलब्ध गराईएको ।

२०. **सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण:**
वार्षिक विवरणहरु वार्षिक प्रतिवेदनको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइटमा समेत राखिदै आएको छ ।

२१. **बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यसप्रकार रहेको छ :

**श्री शम्भु नाथ गौतम**
प्रमुख कार्यकारी अधिकृत
सिद्धार्थ बैंक लिमिटेड, प्रधान कार्यालय: हात्तीसार, काठमाडौं
पोष्ट बक्स नं. १३८०६, फोन नं. ०१-४४४२९१९, ०१-४४४२९२०

SiddharthaBank

**Head office:** Hattisar, Kathmandu
**P.O.Box:** 13806, **Ph:** 01-4442919 / 4442920 / 5970020
**Fax:** 01-4442921, **SWIFT:** SIDDNPKA
**Email:** customercare@sbl.com.np
**Web:** www.siddharthabank.com